"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति २०७४।२।२४

## भद्रपुर ५ स्थित पशुबधशालामा रहेको कोठा वहाल (भाडा)मा लगाउने सम्वन्धी

## सूचना । सूचना । सूचना ।

यस न.पा.द्वारा निर्मित हाल भद्रपुर वार्ड नं.५ स्थित पशु बधशालामा रहको तपसिल उल्लेख भए अनुसारको कोठाहरु २०७४ श्रावण १ गते देखि २०७७ असार मसान्त सम्मका लागि गोप्य शिलबन्दी दरभाउ पत्र (टेण्डर) आह्वानद्वारा मासिक बहाल (भाडा) मा लगाउने भन्ने नगर स्तरिय राजश्व परामर्श समितिको मिति २०७४।१।२८ गते बसेको वैठकको सुझाव अनुसार यस भद्रपुर न.पा.का.को मिति २०७४।२।२३ गतेको निर्णय अनुसार सर्वसाधारणमा जानकारीका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः उक्त कोठाहरु मासिक वहाल (भाडा) मा लिन चाहने इच्छुक व्यक्ति, संस्था वा फर्महरुले तपसिलमा उल्लेखित निम्न शर्तहरुको परिधी भित्र रही मिति २०७४।३।८ गते विहिबार दिनको १.०० बजे भित्र निम्न तोकिएको मिति, स्थान र समयमा रित पुऱ्याई आफूले वहाल (भाडा) मा लिन चाहेको कोठाको प्रति मासिक वहाल (भाडा) रकमका दरले हुने ३ (तीन) महिनाको कुल भाडा अंक रकम धरौटी स्वरुप यस कार्यालयको रा.वा.बैंक, भद्रपुरको धरौटी खाता च.हि.नं.२२१०३०३००७१०३ (ग-३) मा जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउ पत्र साथ संलग्न राखी शिलबन्दी गरी दरभाउ पत्र यस कार्यालयमा पेश गर्न सकिनेछ । म्याद गुजारी दाखिला हुन आएको शिलबन्दी दरभाउ पत्र उपर कुनै कार्वाही हुन छैन । शिलबन्दी दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.मा सुरक्षित रहनेछ । यस सम्वन्धी अन्य विस्तृत जानकारी चाहिएमा कार्यालय समय भित्र यस न.पा.को राजस्व प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

१) वहाल (भाडा) मा लगाउने कोठाहरु :

(क) पशु बधशालाको पसल भवनका कोठाहरु :

| कोठा नं. | मासिक वहाल (भाडा) न्यूनतम अंक |
|---|---|
| १ | रु.१,२५०।- |
| २ | रु.१,२५०।- |
| ३ | रु.१,२५०।- |
| ४ | रु.१,२५०।-- |
| ५ | रु.१,२५०।- |
| ६ | रु.१,२५०।-- |
| ७ | रु.१,२५०।-।- |
| ८ | रु.१,२५०।- |
| ९ | रु.१,२५०।- |
| १० | रु.१,२५०।- |

२) कोठा वहाल (भाडा) का शर्तहरु :

E:\tax department\Taxdepartment\Thekka sambandhi\कोठा भाडा लगाउने सुचना २०७४.doc

प्रमुख प्रशासकीय अधिकृत

... कार्यालय ५२०१४८, ५२००५५ Fax : 00977-23-520781

१। गोप्य शिलबन्दी दरभाउपत्र दस्तुर वापत रु.३००।- फिर्ता नहुने गरी बुझाई यस न.पा.का.राजस्व प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

२। गोप्य शिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति : २०७४।३।७ गते सम्म कार्यालय समय भित्र यस न.पा.का.राजस्व प्रशासन शाखाबाट

३। गोप्य शिलबन्दी दरभाउ पत्र दर्ता गर्ने मिति, समय र स्थान : २०७४।३।८ गते दिन दिनको १.०० बजे भित्र, भद्रपुर न.पा.का.मा ।

४। गोप्य शिलबन्दी दरभाउ पत्र खोल्ने मिति, समय र स्थान : २०७४।३।८ गते दिन दिनको २.३० बजेपछि, भद्रपुर न.पा.का.मा ।

५। गोप्य शिलबन्दी दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा तत्सम्बन्धी सम्पूर्ण कामहरु सोको भोलीपल्ट हुनेछ ।

६। उल्लेखित कोठाहरु यो सुचना प्रकाशित हुन अगावै न.पा.बाट व्यवसाय प्रमाण लिएका खसिको मासु बिक्री गर्ने मासु व्यवसायीहरुलाई पहिलो प्राथमिकता दिइनेछ । त्यस पछि बाकि रहेको कोठाहरुको हकमा यो सुचना प्रकाशित हुन अगावै न.पा.बाट इजाजत लिएका कुखुराको मासु बेच्ने व्यवसायीहरुलाई क्रमश प्राथमिकता दिइनेछ ।

७। उल्लेखित कोठाहरु वहाल (भाडा) मा लिन इच्छुक व्यक्ति वा फर्महरुले प्रत्येक कोठाहरुका लागि उपरोक्त अनुसार न.पा.ले तोकी दिए बमोजिम न्युनतम मासिक भाडा अंकमा नघटाई छुट्टा छुट्टै मासिक भाडा अंक कबोल गरी छुट्टा छुट्टै दरभाउ पत्र (टेण्डर) पेश गर्नु पर्नेछ ।

८। परेका शिलबन्दी दरभाउ पत्र हरु खोल्ने समयमा टेण्डरदाता वा निजको अधिकार प्राप्त वारेश उपस्थित हुनु पर्नेछ । दुवै थरी उपस्थित नभएमा कार्यालयको प्रतिनिधीहरुको रोहबर दरभाउ पत्र खोलिने छ ।

९। शिलबन्दी दरभाउ पत्र पेश गर्दा टेण्डर बाहिर विषय, टेण्डरदाताको नाम, ठेगाना र भाडामा लिनु पर्ने कोठा नं. प्रष्टसंग उल्लेख गर्नु पर्नेछ ।

१०। शिलबन्दी दरभाउ पत्र मा लेखिएको रकम केरमेट भएमा केरमेट भई काटिएको ठाउँमा दरभाउपत्रदाताको सही हुनु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

११। स्वीकृत मासिक भाडा रकम न.पा.ले तोकी दिए अनुसार प्रत्येक चालु महिनाको सोहि महिना भित्र अनिवार्य दाखिला गर्दै जानु पर्नेछ । यसरी भाडा बुझाउँदा विद्युत महसुल वापत बिल प्राप्त भैसकेको महिनाको बिल बमोजिमको रकम नेपाल विद्युत प्राधिकरणको नियम अनुसार एकमुष्ट समावेश गरी बुझाउनु पर्नेछ ।

१२। शर्त नं.११ को म्याद भित्र कोठा भाडा रकम दाखिला हुन नआएमा प्रत्येक अर्को महिनाको १० गते सम्मका लागि ५% जरिवाना सहित समावेश गरी भाडा बुझाउनु पर्नेछ । अर्को महिनाको १० गते सम्म सम्ममा पनि कोठा भाडा रकम दाखिला हुन नआएमा वा नगरेमा सोहि महिनाको २० गते सम्म लागि १०% जरिवाना सहित समावेश गरी कोठा भाडा रकम दाखिला गर्नु पर्नेछ । सोही अर्को महिनाको २० गते सम्ममा पनि नियमानुसार दाखिला गर्नु पर्ने विद्युत महसुल सहितको कोठा भाडा रकम यस कार्यालयमा दाखिला हुन नआएमा वा नगरेमा उक्त कोठा वापत यस कार्यालयमा राखेको निजको धरौटी जफत गरी भाडा ठेक्का तोडी नियमानुसार न.पा.ले उक्त कोठा आफ्नो नियन्त्रणमा लिई अर्को वैकल्पिक व्यवस्था मिलाउन सक्नेछ ।

१३। दरभाउ पत्र खोल्ने काम समाप्त भएपछि दरभाउपत्र कबोल गर्ने पहिलो, दोस्रो र तेस्रो तीन जनाले राखेको धरौटी रोक्का राखी अरुको हकमा फिर्ता गरी दिने र दरभाउपत्र स्वीकृत भई सकेपछि टेण्डर कबोल गर्ने पहिलो व्यक्तिको नाममा कबुलियत गर्न ७ दिने सूचना न.पा.का.बाट पठाइनेछ । सो सूचना बुझी लिएको वा घर दैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र उपस्थित भै कबुलियत गर्न नआएमा वा आए.पनि कबुलियत गर्न नमानेमा निजले राखेको धरौटी जफत गरी सो पछिको दोस्रो र तेस्रो दरभाउ पत्र सकार गर्ने व्यक्तिलाई क्रमशः नियमानुसार ठेक्का बन्दोवस्त गर्न सकिनेछ, निजहरु पनि म्यादमा उपस्थित नभएमा वा उपस्थित भई कबुलियत गर्न मंजुर नगरेमा निजहरुले राखेको धरौटी जफत गरी पुन: ठेक्का बन्दोवस्त वा अन्य वैकल्पिक व्यवस्था मिलाउन सकिनेछ ।



कार्यकारी अधिकृत
भद्रपुर नगरपालिका कार्यालय

"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्वृद्धिसहितको भद्रपुर शहर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
१ नं. प्रदेश, नेपाल

१४) कोठा वहाल (भाडा) मा लिने व्यक्ति वा फर्मले आफूले वहाल (भाडा)मा लिएको कोठामा विद्युत लाइन जडान गर्नु पर्ने भएमा अग्रिम रुपमा कोठा भाडा सम्झौता गर्दा बखत विद्युत महसुल वापत रु.३०००।- (रु.तिन हजार) धरौटी जम्मा गर्नु पर्नेछ ।

१५) न.पा.बाट बहाल (भाडा)मा लिएको उक्त कोठा न.पा.को पूर्व इजाजत नलिई आफूखुशी कुनै प्रकारको निर्माण कार्य गरी कोठाको स्वरुप परिवर्तन गर्न पाइने छैन । जे जस्तो अवस्थामा वहालमा लिएको छ सोही अवस्थाको उक्त कोठा वहाल अवधी समाप्त पश्चात न.पा.लाई कोठा जिम्मा दिनु पर्नेछ ।

१६) उपरोक्त शर्त विपरीत कार्य गरी न.पा.लाई हानी नोक्सानी पुग्न गएमा न.पा.ले तोकेको हर्जाना व्यहोर्नु पर्नेछ । उल्लेखित बहाल (भाडा) मा प्रयोग गर्दै गरेको कोठा बहाल लिने व्यक्तिले १ (एक) आर्थिक बर्ष भित्र ६/६ महिनामा २ (दुइ) पटक आफ्नै खर्च लगाई बेहोरी न.पा.को कमृचारी प्रतिनिधिको रोहवरमा अनिवार्य ग्रिजिङ्ग गर्नु छ । कोठा आंशिक वा पूर्ण रुपमा क्षति भई मर्मत सम्भार गर्नु पर्ने भएमा रु.२०००।०० सम्मको टुटफुट मर्मत स्वयं कोठा लिने व्यक्तिले आफ्नै खर्चमा गर्नु पर्ने छ सो भन्दा माथि लाग्ने भएमा न.पा.लाई पूर्व जानकारी गराई न.पा.ले मर्मत गर्न उचित ठहर गरेमा कार्यालयबाट मर्मत गरी दिइनेछ । भाडा लिने व्यक्तिको लापरवाहीबाट क्षति हुन गएमा उक्त घर कोठा नियमानुसार मर्मत कार्य गर्दा लागेको सम्पूर्ण खर्च रकम कोठा वहाल (भाडा) मा लिने व्यक्ति स्वयंबाट असुल उपर गरिनेछ । साथै भाडा

१७) न.पा.को पूर्व स्वीकृती वेगर वहाल लिने व्यक्ति आफूले मर्मत कार्य गरेको रकम न.पा.ले भुक्तानी दिन बाध्य हुने छैन ।

१८) न.पा.बाट कोठा भाडामा लिई सकेपछि उक्त कोठा अन्य कसैलाई भित्री तवरले भाडामा दिन पाइने छैन । यदि त्यस्तो कुनै प्रमाण फेला परेमा न.पा.का.बाट उक्त कोठा खाली गराई कोठा वापत राखेको धरौटी जफत गर्न सकिनेछ ।

१९) उक्त कोठा वहाल (भाडा)मा प्रयोग गर्दा कोठा भित्र न.पा.ले मनाही गरेको पसलहरु राख्न पाइनेछैन ।

२०) न.पा.ले तोकेको उपरोक्त कोठा वहाल (भाडा) ठेक्का अवधी समाप्त पश्चात कोठा वहाल दिन न.पा. बाध्य हुने छैन । यस सम्वन्धमा कुनै प्रकारको दावी विरोध गर्न पाइने छैन ।

२१) दरभाउ पत्र पेश गर्दा दरभाउपत्र साथ आ.व.०७३।०७४ सम्मको न.पा.को व्यवसाय प्रमाण पत्र नविकरण गरेको प्रमाण पत्र पत्र संलग्न राखी पेश गर्नु पर्नेछ ।

२२) उक्त कोठा वहाल (भाडा)मा लिने व्यक्ति वा फर्मले २०७७ अषाढ मसान्त सम्मका लागि कोठा भाडा ठेक्का लिएको भएतापनि उक्त कोठा भाडा ठेक्का अवधी भित्र कोठा वहाल (भाडा) लिने व्यक्तिले उक्त कोठा छोड्न चाहेमा कोठा छोड्नु ३ (तीन) महिना अगावै न.पा.का.लाई पूर्व जानकारी गराउनु पर्नेछ र न.पा.ले पनि उक्त कोठा खाली गराउन आवश्यक भएमा १ (एक) महिना अगावै भाडा लिने व्यक्तिलाई सूचना दिई कोठा खाली गराउन सक्नेछ ।

२३) यसरी न.पा.का.बाट कोठा वहाल भाडामा संचालन गरे वापत न.पा.मा नियमानुसार दाखिला गर्नु पर्ने मासिक कोठा भाडा र विद्युत महसुल वाहेक नेपाल सरकारलाई नियमानुसार बुझाउनु पर्ने वहाल कर, आय कर, मूल्य अभिवृद्धि कर तथा अन्य कर दस्तुर, शुल्क सम्पूर्ण कोठा वहाल लिने व्यक्ति आफैले आफ्नै खर्चबाट व्यहोर्नु, बुझाउनु पर्नेछ ।

२४) उपरोक्त दफाहरुमा उल्लेख भएका शर्तहरु वाहेक अन्य शर्तहरु न.पा.ले गरेको निर्णय तथा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(कार्यकारी अधिकृत)

कार्यकारी अधिकृत
भद्रपुर नगरपालिका
भद्रपुर